आकाशवाणी

प्रमुख समाचार

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो, नागरिकको स्वास्थ्यमाथि राष्ट्रको प्रगति निर्भर छ
- प्रधानमन्त्रीद्वारा एकाउन हजारभन्दा अधिक युवाहरूलाई नियुक्ति पत्र प्रदान
- झारखण्डमा विधानसभा चुनाउको दोस्रो चरणका लागि नामांकन दर्ता प्रक्रिया पूरा
- राजस्थानको सीकर जिल्लामा सड़क दुर्घटनामा आठजनाको मृत्यु; तीसभन्दा अधिक घाइते अनि
- राजधानी दिल्लीमा बढ़्दो वायु प्रदूषणपछि शहरमा सबै प्रकारका पटेकाको निर्माण, भण्डारण, बिक्री र पड़्काउनमा प्रतिबन्ध

**PM Ayurbed**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भन्नुभएको छ, नागरिकको स्वास्थ्य माथि राष्ट्रको प्रगति निर्भर छ। यसैले सरकारले स्वास्थ्य सेवाको निम्न स्तरलाई दह्लिलो बनाइरहेछ। उहाँले यो पनि भन्नुभयो, यसै दृष्टिकोणलाई अपनाउँदै केन्द्र सरकारले स्वास्थ्य नीतिका पाँच स्तम्भ स्थापित गरेको छ र नागरिकको स्वास्थ्यलाई प्राथमिकता दिएको छ। यसमा स्वास्थ्य माथि अधिक ध्यान दिनु, समयमा जाँच गर्नु र उचित दवाई अनि उपचारको प्रबन्ध गर्नु, साना शहरहरू र गाउँहरूमा स्वास्थ्य सेवाको प्रबन्ध गरिनु तथा स्वास्थ्य हेरचाहको क्षेत्रमा प्रौद्योगिकीलाई विस्तार गर्नु जस्ता प्रबन्ध शामेल छन्। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले धन्वन्तरि जयन्ती र नवौं आयुर्वेद दिवसको अवसरमा नयाँ दिल्लीमा लगभग बाह्र हजार आठ सय पचार करोड़ रूपियाँको लागत भएको स्वास्थ्य क्षेत्रसित जोड़िएका विभिन्न परियोजनाहरूको उदघाटन गर्नका साथै आधारशिला राख्नुभयो।

---------------------------------------X---------------------------------------

**PM Rojgar Mela**

यसैक्रममा प्रधानमन्त्रीले आज विभिन्न सरकारी विभागहरू र संगठनहरूमा एकाउन हजारभन्दा अधिक नव-नियुक्त युवाहरूलाई नियुक्ति पत्र प्रदान गर्नुभयो। भिडियो सम्मेलनको माध्यवमबाट समारोहलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, सरकार युवाहरूलाई अधिक्तम रोजगार अवसर उपलब्ध गर्न प्रतिबद्ध छ।

प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, सरकारले आत्मशनिर्भर भारतको दिशामा महत्त्वपूर्ण कार्य गरेको छ र अन्तरिक्षदेखि लिएर विद्युत वाहनमा नयाँ प्रौद्योगिकीसहित प्रत्येक क्षेत्रमा मेक-इन-इण्डियालाई प्राथमिकता दिइएको छ। श्री मोदीले भन्नुभयो, भारत विश्वको तेस्रो सबैभन्दा ठूलो अर्थव्यवस्थाय बनने दिशामा अग्रसर छ।

श्री मोदीले भन्नुभयो, सरकारले प्रधानमन्त्री इन्टर्नशिप योजनाअन्तर्गत देशका पाँच सय शीर्ष कम्पनिहरूमा युवाहरूका लागि पेड इन्टर्नशिपको पहल गरेको छ। युवाहरूलाई अनुभव र अवसर उपलब्धि गर्न व्यापक प्रबन्ध गरिएको छ।

प्रधानमन्त्रीले भन्नुभयो, सरकारले युवाहरूका लागि लगातार स्थायी सरकारी नोकरी दिइरहेछ। भारतीय जनता पार्टी र एनडीए शासित राज्यहरूमा हजारौं युवाहरूलाई नियुक्ति पत्र प्राप्त भइसकेको छ। श्री मोदीले हरियाणाको नवगठित सरकारले छब्बीस हजार युवाहरूलाई रोजगार दिएको कुरा पनि बताउनुभयो।

---------------------------------------X---------------------------------------

**Jharkhand Election**

झारखण्डमा विधानसभा चुनाउको दोस्रो चरणका लागि नामांकन दर्ता गर्ने प्रक्रिया आज पूरा भएको छ। यस चरणमा अड्तीस आशनका लागि बीस नोभेम्बरमा मतदान हुनेछ। नामांकन पत्रको जाँच भोलि हुनेछ अनि उम्मेदवारहरूले एक नोभेम्बरसम्ममा आफ्नो नामांकन फिर्ता लिन सक्नेछन्।

राज्यमा पहिलो चरणको चुनाउका लागि नामांकन पत्रको जाँचपछि बहसटवटा नामांकन पत्र रद्द गरियो। अब सात सय तीर्चालीसजना उम्मेदवार चुनावी मैदानमा छन्। यस चरणका लागि आठ सय पाँचजना उम्मेदवारले नामांकन दर्ता गरेका थिए। उम्मेदवारले भोलीसम्ममा आफ्नो नामांकन पत्र फिर्ता लिन सक्नेछन्। पहिलो चरणको चुनाउमा तीर्चालीस आशनका लागि तेह्र नोभेम्बरमा मतदान हुनेछ।

यसैबीच, राज्यका विभिन्न भागबाट खोजी अभियानअवधि छयासी करोड़ बत्तीस लाख रूपियाँभन्दा अधिकको अवैध सामग्री र नकदी जब्त गरिएको छ। आदर्श आचार संहिताको उल्लंघनलाई लिएर बीसवटा प्राथमिकि दर्ता गरिएको छ।

अर्कातिर, महाराष्ट्र विधानसभा चुनाउका लागि नामांकन दर्ता गर्ने अन्तिम दिन आज राज्यभरि नामांकन दर्ता गर्नका लागि धेरै हलचल देखियो। राजनीतिक दलहरू आगामी चुनाउका लागि आफ्ना उम्मेदवारहरूको अद्यतन सूची जारी गरिरहेछन्।

---------------------------------------X---------------------------------------

**Rajesthan Road Accident**

राजस्थानको सीकर जिल्लामा आज एउटा सड़क दुर्घटनामा आठजनाको मृत्यु भयो अनि तीसभन्दा अधिक मानिसहरू घाइते भए। यो घटना तब भयो जब यात्रीहरूले भरिएको एउटा निजी बस सालासरको नवलगढ़ गइरहेको थियो। बसका चालकले नियन्त्रण गुमाएपछि त्यो बस लक्ष्मणगढ़मा एउटा पुलिससित ठोक्किन पुग्यो। पाँचजनाको घटना स्थलमै मृत्यु भयो अनि अन्य तीनजना यात्रीको अस्पतालमा उपचार अवधि मृत्यु भयो। घाइतेहरूलाई सरकारी अस्पतालमा भर्ती गरिएको छ। मुख्यमन्त्री श्री भजन लाल शर्माले यस घटनामाथि दुःख व्यक्त गर्नुभयो।

---------------------------------------X---------------------------------------

**Delhi Pollution**

राष्ट्रिय राजधानीमा बढ्दो वायु प्रदूषणलाई मध्यनजर गर्दै दिल्ली प्रदूषण नियन्त्रण समितिले शहरमा सबै प्रकारका पटेकाको निर्माण, भण्डारण, बिक्री र पड्काउनमा प्रतिबन्ध लगाएको छ। हाम्रा संवाददाताअनुसार पटेका पड्काउनको साटो दिवालीको तिहार मनाउनका लागि विभिन्न पर्यावरण अनुकूल विकल्प उपलब्ध छन्।

यसैबीच, राष्ट्रिय राजधानी दिल्लीमा वायु गुणवत्तामा गिरावट जारी छ। पछिल्ला केही दिनहरूदेखि शहरमा वायु गुणवत्ता सूचकांक खराब छ। केन्द्रिय प्रदूषण नियन्त्रण बोर्डअनुसार आज बिहान दिल्लीमा वायु गुणवत्ता सूचकांक दुई सय एकहतर, नोएडामा दुई सय अड्चालीस र फरीदाबादमा दुई सय चार दर्ता गरियो।

---------------------------------------X---------------------------------------

**Ayurbed Dewash**

आज धनवन्तसरि जयन्ती हो। यसलाई धनतेरसको रूपमा पनि पालन गरिन्छ। धनकी देवी लक्ष्मी को पूजा र पाँच दिनसम्म चल्ने दीपोत्स्व आजदेखि नै आरम्भ हुँदछ। प्राचीन मान्यरताअनुसार धनतेरसमाथि सुन, चाँदी, पीत्तल र ताँबाका बर्तन किन्ने प्रथा छ।

धनवन्तरिलाई आयुर्वेदका जनक मानिन्छ अनि आज नै नौंवौं आयुर्वेद दिवस पनि पालन गरिँदैछ। यसको उद्देश्यन अन्तरराष्ट्रिय स्तेरमा भारतीय प्राचीन चिकित्सा पद्धतिलाई पुनर्जीवित गर्नु हो। भारतीय आयुर्वेदिक उत्पादको निर्यात विश्वका विभिन्न देशहरूमा हुँदछ। धेरै देशले यस वर्ष आयुर्वेद दिवस पालन गरिरहेछन्। विश्व स्वास्थ्य संगठनले योग र प्राकृतिक चिकित्साका लागि एउटा विशेष कोड पनि बनाएको छ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले धनतेरस र आयुर्वेद दिवसको अवसरमा शुभकामना दिनुभएको छ। सोशल मिडिया पोस्टमा श्री मोदीले भगवान धन्वन्तरिको आशीर्वादले सबैको जीवन स्वास्थ्य, खुशियाली र समृद्धिले सम्पान्न होस् भनी कामना गर्नुभएको छ। आयुर्वेद दिवसमा उहाँले भन्नुभएको छ, स्वस्थ जीवनशैलीका लागि आयुर्वेद संधै उपयोगी हुनेछ।

---------------------------------------X---------------------------------------

**Run for Unity**

केन्द्रिय गृह मन्त्री श्री अमित शाहले आज नयाँ दिल्लीको मेजर ध्यानचन्द राष्ट्रिय स्टेडियममा रन फर यूनिटी-लाई हरियो झण्डी देखाएर शुरूवात गर्नुभयो। यो कार्यक्रम सरदार वल्लभभाई पटेलको जयन्तीको अवसरमा आयोजन गरिएको थियो, जसको जन्म एकतीस अक्टोबर 1875-मा भएको थियो।

यस अवसरमा गृह मन्त्रीले भन्नुभयो, आज भारत प्रत्येक क्षेत्रमा अग्रणी बन्ने दिशामा विश्वअघि दह्रिलो अवस्थामा रहेको छ र यसको आधार सरदार पटेलले राख्नुभएको थियो। उहाँले प्रत्येक क्षेत्रमा सरदार पटेलको दृष्टिकोण, विचार र सन्देशलाई प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मूर्त रूप दिएको कुरामाथि जोड़ दिनुभयो।

यो कार्यक्रम आज गुजरातको अहमदाबादमा पनि आयोजन गरियो। गुजरातका मुख्यमन्त्री श्री भूपेन्द्र पटेलले राष्ट्रिय एकता दिवसको अवसरमा रन फर यूनिटी म्याराथनलाई हरियो झण्डी देखाएर शुरूवात गर्नुभयो। उहाँले रन फर यूनिटी म्याराथनलाई अखण्डताको प्रतिक बताउनुभएको छ। मुख्यमन्त्रीले भन्नुभयो, रन फर यूनिटी लोहा पुरुष सरदार पटेलका निम्ति साँचो श्रद्धाञ्जली हो।

---------------------------------------X---------------------------------------

**Ayodhya Deepotsav**

भगवान रामको शहर अयोध्यामा भव्य दीपोत्सव हुन गइरहेछ। एउटा कार्यक्रममा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो, दिवालीको अवसरमा अयोध्यामा भगवान श्री रामको मन्दिर हजारौं दीयाहरूले जगमगाउनेछ। यसैबीच, उत्तर प्रदेशका मुख्यमन्त्री श्री योगी आदित्यनाथले सबै मानिसहरूसित यस अवसरमा आफ्ना घरहरूमा दीया बालेर खुशी मनाउने आग्रह गर्नुभयो।

अयोध्यामा भोली हुने भव्य दीपोत्सवको तयारी युद्ध स्तरमा चलिरहेछ। नयाँ विश्व रिकर्ड बनाउन सरयू नदीको घाटमा अट्ठाइस लाख दियाको व्यवस्था गरिएको छ। भोली साँझमा हुने मुख्य समारोहका लागि सारा शहरलाई सजाइँदैछ।

---------------------------------------X---------------------------------------

**President**

कलाकारहरूको एउटा समूहले आज राष्ट्रपति भवनमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुसित भेट गऱ्यो। राष्ट्रपतिले यी कलाकारहरूको कला प्रदर्शनी पनि हेर्नुभयो। कलाकृतिको सराहना गर्दै राष्ट्रपतिले भन्नुभयो, मनुष्य र प्रकृतिबीचको शाश्वत सम्बन्ध यसमा प्रतिबिम्बित भएको छ। उहाँले मानिसहरूसित यी कलाकारहरूको सृजनात्मसक कलाको प्रशंसा गरेर उनीहरूलाई प्रोत्साहित गर्ने आग्रह गर्नुभयो।

यी कलाकारहरू सृजन पहलअन्तर्गत यस महिनाको एक्काइस तारिकदेखि राष्ट्ररपति भवनमा रहेका छन्। यसअवधि उनीहरूले प्राकृतिक रंगको उपयोग गर्दै विभिन्न कला विधामा सुन्दर चित्र बनाएका छन्।

---------------------------------------X---------------------------------------

**Cricket**

भारत र न्यूजीलेण्डको महिला टोलीबीच अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा तेस्रो अनि अन्तिम एक दिवसीय क्रिकेट खेल जारी छ।

समाचार लेखिञ्जेलसम्ममा न्यूजीलेण्डले पहिला ब्याटिङ गर्दै उन्चास ओबस पाँच बलमा सबै ह्विकेट गुमाएर राखेको दुई सय तेंतीस रनको लक्ष्य पछयाउँदै भारतले सत्तइस ओबरमा दुई ह्विकेट गुमाएर एक सय पच्चीस रन बनाएको थियो।

---------------------------------------X---------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो, नागरिकको स्वास्थ्यमाथि राष्ट्रको प्रगति निर्भर छ
- प्रधानमन्त्रीद्वारा एकाउन हजारभन्दा अधिक युवाहरूलाई नियुक्ति पत्र प्रदान
- झारखण्डमा विधानसभा चुनाउको दोस्रो चरणका लागि नामांकन दर्ता प्रक्रिया पूरा
- राजस्थानको सीकर जिल्लामा सड़क दुर्घटनामा आठजनाको मृत्यु; तीसभन्दा अधिक घाइते अनि
- राजधानी दिल्लीमा बढ्दो वायु प्रदूषणपछि शहरमा सबै प्रकारका पटेकाको निर्माण, भण्डारण, बिक्री र पड्काउनमा प्रतिबन्ध

---------------------------------------X---------------------------------------